बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि

# वडा स्तरीय बालबालिकाको स्थिति पत्र २०८१

पूर्वीचौकी गाउँपालिका

सानागाउ, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रकाशक :**

पूर्वीचौकी गाउँपालिका, सानागाउ, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
ईमेल : ito.purbichaukimun@gmail.com

**सर्वाधिकार :**

पूर्वीचौकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सानागाउ, डोटी

**प्रकाशन मिति :** २०८१ असोज


**सम्पादन :**

हरिभक्त साउद, रोजगार संयोजक तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

**सल्लाहकारः**

- ☞ राम प्रसाद उपाध्याय, अध्यक्ष
- ☞ पशुपती खडका, उपाध्यक्ष
- ☞ विक्रम श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत
- ☞ अंक बहादुर खडका, वडा अध्यक्ष
- ☞ विर बहादुर खडका, वडा सदस्य
- ☞ विनोद भट्ट, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
- ☞ गगन भण्डारी, प्रशासन तथा योजना शाखा प्रमुख
- ☞ धन बहादुर खडका, पूर्व प्र.अ. (शाजेन्द्रश्वर मावि)

# गाउँपालिकाको नक्सा


N
W
E
S
2
Wagalek
3
Gaihragau
Khirsain
1
5
Kadamandau
6
Ganjari
7
Pokhari
Legend
PurbichaukiRM Ward
<all other values>
NEW_WARD_N
1
2
3
4
5
6
7
PurbichaukiRM Center
<all other values>
Strategic roads (Purbichauki)

## विषय सूची


**भाग १ : परिचय** 6

**१.१ वडा नं. १ खिरसैनको चिनारी** 6

**१.२ ऐतिहासिक पृष्टभूमि तथा विशेषता** 6

**१.३ बालमैत्री स्थानीय शासनको अवधारणा :** 7

**१.४ बालबालिकाको परिभाषा :** 8

**१.५ बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता :** 8

**१.५ विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएको व्यवस्था** 9

१.५.१ नेपालको संविधान 9

१.५.२ बालबालिका सम्बन्धी ऐन २०७५ 10

१.५.३ स्थानिय सरकार सञ्चालन ऐन २०७४ 10

१.५.४ मुलुकी अपराध संहिता ऐन, २०७४ 11

१.५.५ मुलुकी देवानी संहिता ऐन, २०७४ 11

१.५.६ श्रम ऐन, २०७४ 12

१.५.७ मानव अधिकार आयोग ऐन, २०६८ 12

१.५.८ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ 12

१.५.९ मानव बेचविखन र ओसार पसार (नियन्त्रण सम्बन्धी) ऐन, २०६४ 12

१.५.१० बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीती २०७४ 13

१.५.११ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनिति २०७२ 13

१.५.१२ दिगो विकासका लक्ष्यहरु : 13

१.५.१३ बाल अधिकार सम्बन्धि महासन्धि, १९८९ 14

**१.६ बालमैत्री स्थानीय शासनका अवसर, चुनौती र समस्याहरु** 14

**भाग : २ बालबालिकाको विद्यमान अवस्था** 16

**२.१ विभिन्न उमेर समूहका बालबालिकाको जनसंख्या :** 16

**२.२ बालबालिकाको जनसंख्या :** 16

**२.३ बालश्रमको अवस्था :** 17

**२.४ सडक बालबालिकाको विवरण** 17

**२.५ बाल यौन शोषण र दुर्व्यवहराको अवस्था** 17

२.६ अपाङ्गता भएका बालबालिका ः 18
२.७ बालबालिका सम्बन्धी घटनाहरु : 18
२.८ बाल विवाहको अवस्था 18
२.९ बालबालिका र एच.आई.भी एड्स 18
भाग : ३ बाल अधिकार र बालबालिकाको अवस्था 19
३.१ बाँच्ने पाउने अधिकार : 19
३.२ संरक्षणको अधिकार : 20
३.३ बाल विकासको अधिकार 20
३.४ बाल सहभागिताको अधिकार 21
३.५ संस्थागत विकास सम्बन्धी विवरण 22
भाग : ४ बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था 23
४.१ वालवालिकाको लागि स्थानीय विकास योजना 23
४.२ बालवालिकाको लगानी योजना 24
४.३ योजनाको अनुगमन मूल्याङ्कन 24
४.४ साझेदार तथा सहयोगी संस्थाहरुको भूमिका 24
भाग ५ बालवालिका सम्वन्धी भएका कार्यहरुको उपलब्धी 27
५.१ दिगो विकासका लक्ष्य र बालबालिका 27
५.२ बाल शिक्षा 29
५.३ बाल स्वास्थ्य 29
५.४ खानेपानी तथा सरसफाई 30
५.५ बाल अपराध र बाल न्याय 30
५.६ बृहत विद्यालय शिक्षा : 30

# भाग १ : परिचय

## १.१ वडा नं. १ खिरसैनको चिनारी

पूर्वीचौकी गाउँपालिका वडा नं. १ खिरसैन साविकको खिरसैन गा.वि.स.का ९ वटा वडा मिलेर बनेको हो । यस वडामा साना ठुला गरी २४ वटा टोलहरु रहेका छन् । यस वडामा जम्मा ५१३ घरपरिवार रहेका छन् । घरधुरी सर्वेक्षण २०८१ अनुसार यस वडाको जनसंख्या महिला १४२० पुरुष १३९० गरी जम्मा २८१० रहेको छ । जसमा १८ वर्ष मुनिका बालबालिकाहरुमा बालक ५७७ र बालिका ५५१ गरी जम्मा ११२८ रहेका छन् ।

भौगोलिक दृष्टिकोणले यस वडाको पुर्वमा वडा नं. ४ सानागाउ, पश्चिममा दिपायल सिलगढी नगरपालिका, उत्तरमा वडा नं. २ बगलेक, दक्षिणमा दिपायल सिलगढी नगरपालिकाको वडा नं. ८ लडागडा, उत्तर पुर्वमा वडा नं. ३ गैरागाउ र दक्षिण पूर्वमा वडा नं. ६ गाँजरी रहेको छ । हावापानीका दृष्टिकोणले यस वडाको मौसम मध्यम खालको हुने गर्छ ।

पर्यटकिय स्थलका रुपमा यस वडामा शाजेन्द्रश्वर मन्दिर, शाजेन्द्रश्वर ताल, र किमडेश्वर मन्दिर रहेका छन् । यस वडाको बिचै बिच भएर पहलमान सिह स्वार राजमार्ग गएको छ । शिक्षाको दृष्टिकोणले एउटा मावि, तीन वटा आवि र १ वटा निजी विद्यालय रहेका छन् ।

डोटी जिल्लाको पुर्वी भागमा अवस्थित पूर्वीचौकी गाउँपालिका वडा नं. १ खिरसैन समुद्री सतहबाट १८०० मिटरको उचाईमा रहेको छ । यस वडाको उत्तरी अक्षांस २९.२८ डिग्री र पूर्वी देशान्तर ८१.०४ डिग्री रहेको छ ।

## १.२ ऐतिहासिक पृष्टभूमि तथा विशेषता

**फुलौट** : परापूर्वकालमा यस वडामा प्रशस्त मात्रामा फूलहरु पाइने र विभिन्न चाडपर्वहरुमा फुलका गात्ता तथा गुच्छाहरु बनाई एकअर्कासँग खुसियालीको रुपमा साटासाट गर्ने प्रचलनको कारण फुलौट नाम रहन गएको भन्ने किंवदन्ती छ ।

**खिरसैन** : फुलौट गाउँको मध्यमा (बीचमा) एउटा सम्म परेको रमणीय स्थान भएको र उक्त स्थानबाटै पूर्व र पश्चिमतिर आवत जावत गर्ने मूल बाटो रहन गएकोले उक्त सम्म परेको स्थानलाई अझै सुन्दर तथा आकर्षक बनाउन उक्त सम्म परेको स्थानलाई अझै ठूलो, फराकिलो तथा आकर्षक पार्नको लागि खार खुर गरी रमणीय बनाउने उद्देश्यले पूर्खाहरुले त्यसस्थानलाई खारेर ठूलो तथा फराकिलो पार्न ७ वटा जाँते (सत्तार राँगोको छाला जसलाई प्रचलित भाषामा खाडे भन्ने गरिन्छ) प्रयोग गरेर खारेर उक्त सम्म परेको स्थानलाई अझै सुन्दर र आकर्षक बनाईएकोले यस ठाउँको नाम खिरसैन रहन गएको भन्ने भनाई प्रख्यात छ ।

यी बाहेक यस ठाउँमा आउने पाहुनाहरुलाई मिठो खानाको परिकार खीर खुवाई स्वागत गर्ने भएकोले पनि यस ठाउँलाई खिरसैन भनिएको भन्ने भनाई रहेको छ ।

### १.३ बालमैत्री स्थानीय शासनको अवधारणा :

बालबालिका भनेका आजका मानव मात्र नभई भोलिका कर्णधार हुन्, जीवनका झरना हुन् । बाल्यकाल मानव जीवनको अत्यन्त महत्त्वपूर्ण संवेदनशील कालखण्ड हो । जहाँ मानिसको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक विकास भएको हुन्छ । बाल्यावस्था मानव जीवनको उर्जा प्राप्त गर्ने समयको रुपमा रहेको हुन्छ । बालबालिकाको सामान्य एक समृद्ध जीवन जिउनको लागि आवश्यक पर्ने आधारभुत आवश्यकता तथा अवसरहरु प्राप्त गर्ने कानुनी हैसियतलाई बाल अधिकार भनिन्छ ।

बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, खेलकुद तथा मनोरञ्जन, माया, स्नेह, आफ्ना विचार तथा भावनाको अभिव्यक्ति, आफ्नो संस्कृति तथा धर्म मान्य एवं कुनै पनि किसिमका जोखिमहरुबाट सुरक्षा पाउने तथा कुनै किसिमका हिँसा, दुर्व्यवहार, भेदभाव र शोषण भएको अवस्थामा न्याय र संरक्षणको व्यवस्था बालबालिकाको मौलिक अधिकार हुन् जसले भोलिका सक्षम कर्णधार बनाउनका लागि महत्त्वपूर्ण भुमिका खेल्दछ । त्यसैले बालबालिकाहरुको आझ संरक्षण र बाल अधिकारको प्रत्याभुति गराउनु पर्छ भन्न विषय राज्यको प्रमुख सरोकार र प्राथमिकताको विषय बनेको छ ।

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको प्रवर्द्धन गरि नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याएको अवधारणा हो । नेपालमा बालबालिका सम्बन्धी व्यवस्था भएका विभिन्न ऐन, कानुन तथा कार्यविधि कार्यान्वयनमा ल्याइएको अवस्था छ जसले गर्दा बाल अधिकार प्रवर्धनका क्षेत्रमा नतिजा समेत हासिल भई बालमैत्री स्थानीय शासनका क्षेत्रमा धेरै कामहरु भई रहेका छन ।

बाल अधिकारका मुलभुत ४ क्षेत्रहरु, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता सवालहरुलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकिय पद्धतिलाई नै बालमैत्री स्थानीय शासन भनिएको छ । जसले बालबालिकाको अर्थपूर्ण सहभागिता भई आफ्नो अनुकुलको योजना तर्जुमा गरि बजेट विनियोजनमा सघाउ पुर्याउछ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हासिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो ।

**बालमैत्री स्थानीय शासनको उद्देश्यहरुः**

- बालमैत्री स्थानीय शासन अवलम्बन गरेका गाउँपालिका र तिनका वडाहरुलाई बालमैत्री गाउँपालिका र वडा घोषणा गर्न आवश्यक सूचना, विधी तथा प्रक्रियाका बारेमा जानकारी दिने।
- बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन तथा घोषणाको लागि सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकार र मन्त्रालयले गर्ने अनुगमनका सूचक र प्रक्रिया निर्धारण गर्ने ।
- बालमैत्री स्थानीय तह घोषणाको लागि अनुगमन प्रतिवेदन तयार गर्न सहयोग पुर्याउने ।
- बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन र घोषणामा सहजीकरण गर्ने ।

## १.४ बालबालिकाको परिभाषा :

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ । तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालिकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

## १.५ बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता :

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार रहेका छन् ।

- ☞ बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न ।
- ☞ बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न ।
- ☞ बालबालिकाले आफ्नो लागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न ।
- ☞ बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न।
- ☞ बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्तव्य प्रति पनि जिममेवारी बोध गर्न ।
- ☞ बाल सञ्जालहरुको विकास, बाल सहभागिताको विकास र गाँउ समाजको नाम राख्न ।
- ☞ बालबालिकाको उज्जवल भविष्य निर्माण गर्न ।
- ☞ परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न ।
- ☞ बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- ☞ बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन ।
- ☞ निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न।
- ☞ बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न ।
- ☞ आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने सकने अवसरको श्रृजना गर्नु ।
- ☞ बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न
- ☞ देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न।

## १.५ विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएको व्यवस्था

### १.५.१ नेपालको संविधान

नेपालको संविधानको ३९ ले बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा अङ्गिकार गरि देहाय बमोजिमको व्यवस्था गरिएको छ :

- ✍ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।
- ✍ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ ।
- ✍ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
- ✍ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- ✍ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

- ✍ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।
- ✍ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- ✍ प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
- ✍ असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- ✍ उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

### १.५.२ बालबालिका सम्बन्धी ऐन २०७५

बालबालिकाको अधिकार सम्मान संरक्षण प्रवर्द्धन र परिपुर्ति गरी बालबालिकाहरुको सर्वोतम हित कायम गर्न बालबालिका सम्बन्धी ऐन २०७५ मिति २०७५ साल आश्विन २ गते प्रमाणिकरण गरिएको थियो यो ऐन विशेष ऐन हो र यसले बालबालिकाको समग्र अधिकार वहालिको लागि वनेको कानुन हो र यसमा परिच्छेद १० धारा ८ वटा छन् । यस ऐनमा बालबालिकाको अधिकार, बालबालिका प्रतिको दायित्व, बाल न्याय बालबालिकाको विशेष संरक्षण र पुर्नस्थापना, बालअधिकार तथा बाल कल्याण सम्वन्धी संस्थागत व्यवस्था, बालबालिकाको अधिकार तथा निज प्रतिको दायित्वको संरक्षण र प्रचलन, बालबालिका विरुद्धको कसुर र सजाय क्षति पुर्ति तथा मुद्धा हेर्ने अधिकारीको व्यवस्था गरेको छ ।

### १.५.३ स्थानिय सरकार सञ्चालन ऐन २०७४

स्थानिय तहमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी जनताको नजिक बाट सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप स्थानिय सरकारलाई व्यवस्थित बनाउन स्थानिय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा रहेको अवस्था छ । यस ऐनमा स्थानिय तहको बालअधिकार संग सम्बन्धित भुमिकाहरु उल्लेख गरेको छ । वडाको काम कर्तव्य र अधिकार अन्तरगत आधारभुत स्वास्थ्य सरसफाई शिक्षा र बाल संरक्षणका कार्यहरुमा ।

- दफा ११ (२) (त) (५) मा सडक बालबालीका, अनाथ, असहाय, असक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरुको सञ्चालन, व्यवस्थापन, अनुगमन नियमन गर्ने व्यवस्था छ ।
- दफा १२ (२) (ग) (२९) मा वडालाई बालमैत्री बनाउने,

- दफा १२ (२) (ग) (३०) मा वडा भित्र आर्थिक सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक, अल्पसंख्यक सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्वन्धी कार्य गर्ने,
- दफा १२ (२) (ग) (३६) सडक बालबालिकाको उद्धार र पुर्नस्थापनाको लागि लगत संकलन गर्ने ।
- दफा १२ (२) (ग) (३२) मा बाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरिति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ ।

### १.५.४ मुलुकी अपराध संहिता ऐन, २०७४

सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न विभिन्न धार्मिक तथा सांस्कृतिक समुदाय बीचको सु-सम्बन्ध तथा शान्ति कायम गर्न फौजदारी कसुर निवारण र नियन्त्रण गर्नः

- मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७३ मा बाल विवाह गर्न नहुनेः उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ ।
- दफा १८८ मा गर्भपतन गर्न नहुनेः उपदफा (७) मा कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्न वा गराउन र त्यसरी लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न वा गराउनु हुदैन ।
- दफा २१९ जवर्जस्ती करण गर्न नहुनेः उपदफा (२) कसैले कुनै महिलाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

### १.५.५ मुलुकी देवानी संहिता ऐन, २०७४

- दफा १११ नाम र थर पाउनेः उपदफा (१) मा प्रत्येक व्यक्तिले जन्मेपछि आ-आफ्नो धर्म संस्कृति, चलन र परम्परा अनुसार निजको आमा वा बाबुले राखेको नाम पाउनेछ ।
- दफा ११२ मा आमा, बावु, बाजे तथा बजैको नाम उल्लेख गर्नु पर्ने कुनै व्यक्तिको बावु पत्ता नलागेको अवस्थामा निजले आमा र आमा तर्फको बाजे बाजे, बजैको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरी निज नाबालक भए संरक्षक वा माथवरको र बालिग भए आफ्नो नाम मात्र उल्लेख गर्नु पर्याप्त हुनेछ ।

- दफा ११२ देखि दफा १२१ सम्म नावालकको अधिकार र संरक्षणको व्यवस्था गरेको छ ।

### १.५.६ श्रम ऐन, २०७४

श्रम ऐन, २०७४ ले सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने उद्देश्यका साथ कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी काममा लगाउन नपाईने व्यवस्था गरेको छ ।

### १.५.७ मानव अधिकार आयोग ऐन, २०६८

मानव अधिकार आयोग ऐनले नेपालको संविधानमा उल्लेखित व्यवस्था अनुरुप मानव अधिकारको संरक्षण, सम्बर्धन र प्रभावकारी कार्यान्यनका लागि एक स्वतन्त्र र स्वायत संस्थाको रुपमा राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको छ । यस आयोगले मानव अधिकारको उल्लङ्घन गर्न पक्षहरु र कुनै व्यक्ति संस्था वा सङ्गठनले उक्त अधिकार हनन् प्रति देखाएको उदासिनताको बारेमा अनुसन्धान गर्ने काम गर्दछ ।

### १.५.८ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६

नेपाल सरकारले बाल श्रम न्यूनिकरण गर्नका लागि बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ पारित गरी कार्यान्वयनमा रहेको अवस्था छ । उक्त ऐनको उद्देश्यहरु निम्न बमोजिम छन्

- बालबालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्ने
- बालबालिकालाई अन्य काममा लगाउँदा तिनिहरुको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुविधा सम्बन्धमा व्यवस्था गर्ने ।
- १४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउन निषेध गर्ने ।
- बालबालिकाहरुको सर्वाङ्गीण हितको लागि आवश्यक संरक्षणको व्यवस्था मिलाउने।

### १.५.९ मानव बेचविखन र ओसार पसार (नियन्त्रण सम्बन्धी) ऐन, २०६४

यो ऐनले व्यक्तिको खरिद बिक्रि लगायत मानव बेचविखन, आयात निर्यात, कसैलाई वेश्यावृत्तिमा प्रयोग गर्नु, मानव अंग झिक्नु, शोषण वा यौन कार्यका लागि कुनै मानिसलाई घर वा बसेको स्थानबाट टाढा लिनु जस्ता क्रियाकलापहरुलाई मानव बेचविखन र ओसारपसार भनेर परभाषित गरेको छ । यो ऐनले त्यस कार्यमा संलग्न हुने विरुद्ध विभिन्न प्रकारका सजायहरुको व्यवस्था पनि गरेको छ । साथै यसले विदेशमा बेचिएको नेपाली नागरिकको उद्धार, पुर्नस्थापना र पुनर्मिलन सम्बन्धी कानुनी व्यवस्था समेत गरेको छ ।

### १.५.१० बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीती २०७४

रणनीतिक सोच : मुलुकका सम्पूर्ण बालबालिकालाई बाँच्न पाउने, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरि समावेशी र समतामूलक समाजको स्थापनामा स्थानिय शासन पद्धतिलाई सुदृढ, सक्षम र जवाफदेहीयुक्त तुल्याउन सहयोग पुर्याउनुनै बालमैत्री स्थानीय शासन व्यवस्थाको रणनीतिक सोच हुनेछ ।

**लक्ष्य** : बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलव्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवाको सुनिश्चतता भएको हुनेछ ।

### १.५.११ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनिति २०७२

नेपालको संविधान दिगो बिकास कार्यसुची २०१६-२०३० का साथै अन्य राष्ट्रिय अन्तरराष्ट्रिय प्रतिबद्धता अनुसार बालअधिकार उल्लंघनको कारक तत्वको रुपमा रहेको बाल विवाहको रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशिलता ढाउनु पर्ने अवस्था छ त्यसैले नेपाल सरकारले वालविवाह अन्यका लागि राष्ट्रिय रणनिति २०७२ कार्यान्वयनमा रहेको अवस्था छ ।

**परिकल्पना** : बालमैत्री एवं लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुर्याउने ।

**ध्येय** : बाल विवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चतता गर्ने ।

**लक्ष्य** : सन् २०३० सम्ममा नेपालमा बाल विवाह अन्त्य गर्ने ।

### १.५.१२ दिगो विकासका लक्ष्यहरु :

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०१६-२०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ सहायक लक्ष्यहरु तोकिएका छन् । पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत “सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन” मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन् । जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने विषयहरु रहेका छन् । सन् २०३० सम्ममा

न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ ।

### १.५.१३ बाल अधिकार सम्बन्धि महासन्धि, १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिण विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ ।

## १.६ बालमैत्री स्थानीय शासनका अवसर, चुनौती र समस्याहरु

**अवसरहरु :**

- राजमार्गको उपलब्धता भएको ।
- भौगोलिक रुपले पायक पर्ने र सुन्दर तथा उपयुक्त हावापानी भएकाले कृषि प्राविधिक क्याम्पस सञ्चालन गर्न सकिने ।
- कृषि उत्पादनमा वृद्धि गर्न सकिने ।
- तरकारी खेतीको पकेट क्षेत्र स्थापना गर्न सकिने ।
- आन्तरिक पर्यटकलाई प्रवर्द्धन गर्न सकिने ।
- कृषि तथा गैरकृषिजन्य उत्पादनको लागि संकलन केन्द्र स्थापना गरी बजारसँग समन्वय गर्न सकिने ।
- सामुदायिक पूर्वधार निर्माण र विकासमा जनसहभागिता र स्थानीय स्रोतलाई प्रयोग गर्न सकिने

**चुनौती र समस्याहरु :**

- कृषिमा एकीकृत अनुदान नीतिको अभाव
- परम्परागत खेती प्रणालीमा सुधार ल्याउने तर्फ समुदायको जागरुकतामा कमी हुनु ।
- जलवायु परिवर्तनको उच्च जोखिम ।
- समुदायको परम्परागत सोच ।
- जमीनमा नयाँ नयाँ किरा र रोगको प्रकोप बढदै ।

- घरेलु उद्योगको स्थापना नुहनु ।
- दक्ष जनशक्तिको पहिचान तथा परिचालन तथा उत्पादनमा जोड्ने प्रयास नहुनु ।
- युवाहरुमा श्रम प्रतिको मोह, आकर्षण र सम्मानमा कमी हुनु ।

## भाग : २ बालबालिकाको विद्यमान अवस्था

### २.१ विभिन्न उमेर समूहका बालबालिकाको जनसंख्या :

यस वडाको उमेर समुह अनुसार जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ ।


| उमेर समुह | महिला | पूरुष | जम्मा |
|---|---|---|---|
| १ वर्ष मुनि | १९ | ३२ | ५१ |
| १-२ वर्ष सम्म | २९ | ३७ | ६६ |
| ३-४ वर्ष सम्म | ५७ | ४९ | १०६ |
| ५-६ वर्ष सम्म | ४० | ६२ | १०२ |
| ७-८ वर्ष सम्म | ६८ | ४७ | ११५ |
| ९-१० वर्ष सम्म | ५८ | ६२ | १२० |
| ११-१२ वर्ष सम्म | ७९ | ७४ | १५३ |
| १३-१४ वर्ष सम्म | ४९ | ७१ | १२० |
| १५-१६ वर्ष सम्म | ८२ | ७४ | १५६ |
| १७-१८ वर्ष सम्म | ७० | ६९ | १३९ |
| १९-२४ वर्ष सम्म | १७४ | १८९ | ३६३ |
| २५-४५ वर्ष सम्म | ३६८ | ३९५ | ७६३ |
| ४६-६० वर्ष सम्म | १८२ | १४३ | ३२५ |
| ६१-७५ वर्ष सम्म | १०८ | ७१ | १७९ |
| ७५ वर्ष माथि | ३७ | १५ | ५२ |
| | **१४२०** | **१३९०** | **२८१०** |

(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

माथिको तालिमा अनुसार यस वडाको जम्मा जनसंख्या ३०२२ रहेको छ भने जसमा महिला १५१९ (५०.३) र पूरुष १५०३ (४९.७) रहेको छ ।

### २.२ बालबालिकाको जनसंख्या :

यस वडामा रहेका १८ वर्ष मुनिका बालबालिकाको जम्मा जनसंख्या ११२८ रहेको छ, जसमा बालिका ५५१ (४८.८) र बालक ५७७ (५१.२) रहेको छ । जम्मा जनसंख्याको ४०.१ प्रतिशत बालबालिकाहरुको जनसंख्या रहेको छ । जसलाई देहायको चार्टमा प्रस्तुत गरिएको छ।




(स्रोत : घरधुरी सर्वेक्षण २०८१)

## २.३ बालश्रमको अवस्था :

यस वडामा भएका ५१३ घरपरिवारहरु मध्य ५ वटा घरपरिवारका १८ वर्ष मुनिका बालबालिकाहरु भारतमा गई बालश्रममा संलग्न रहेको देखिएको छ । बालश्रमिकको रुपमा काम गरि रहँदा २ जना बालबालिकालाई खेल्नमा भेदभाव गरिएको, १ जनालाई मनोवैज्ञानिक रुपमा भेदभा गरिएको र २ जनालाई थाहा नभएको देखिएको छ । तर वडा नं. १ खिरसैनमा भने कुनै पनि बालश्रमिक नभएको अवस्था छ । मिति २०८१ साल कार्तिक ०७ गते बालश्रममुक्त वडा घोषणा पनि भई सकेको छ ।

## २.४ सडक बालबालिकाको विवरण

यस वडामा सडक बालबालिका नभएको पाइयो ।

## २.५ बाल यौन शोषण र दुर्व्यवहराको अवस्था

यस वडा नं.१ खिरसैनमा बालमैत्री स्थानीय शासन अबलम्वन गरी बालमैत्री व्यवहार र आचार संहिता सम्वन्धी प्रत्येक वस्ती टोलमा बालमैत्री व्यवहार र धारणाको विकास भइ बाल संरक्षण नीति तथा कार्ययोजना जस्ता पक्षको विकास गरी बालबालिकालाई, हिंसा, शोषण, दुर्व्यवहार लगायतका समस्याबाट संरक्षण गर्नको लागि बिशेष पहल गरेको छ । त्यसकारण बाल यौन शोषण तथा दुर्व्यवहारका घटना नभएको पाइएको छ ।

## २.६ अपाङ्गता भएका बालबालिका :

यस वडामा विद्यालय र विद्यालय बाहिर गरेर अपाङ्गता भएका बालबालिकाहरु ११ जना रहेका छन्, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स | विवरण | उमेर समुह | | कैफियत |
|---|---|---|---|---|
| | | ५-९ वर्ष | १०-१४ वर्ष | |
| १ | पूर्ण अपाङ्गता | ० | १ | विद्यालय बाहिर |
| २ | सामान्य अपाङ्गता | ५ | २ | विद्यालय भित्र |
| ३ | सामान्य क्षमता | १ | २ | विद्यालय भित्र |
| **जम्मा** | | ६ | ५ | |

(स्रोत : शिक्षा, युवा तथा खेलकुद शाखा/पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा)

## २.७ बालबालिका सम्बन्धी घटनाहरु :

खिरसैन स्वास्थ्य चौकी र स्वास्थ्य शाखा सानागाउ ले दिएको जानकारी अनुसार खिरसैनमा विगत ५ वर्ष देखि हाल सम्म कुनै पनि किसिमको गर्भवती आमाको मृत्यु नभएको र शिशु मृत्युदर रहेको छैन । घरधुरी सर्वेक्षण २०८१ अनुसार बालबालिकामा हुने घरेलु हिंसा, बालश्रम तथा बालविवाहका कुनै पनि घटना नभएको पाइएको छ ।

## २.८ बाल विवाहको अवस्था

यस पूर्वीचौकी गाउँपालिका वडा नं. १ खिरसैनमा पुर्नर सर्वेक्षण गर्दा विगत ६ महिना भित्र विवाह भएका घरपरिवारहरुमा बालविवाहको अवस्था बारेमा सोधपुछ गर्दा बालविवाह नभएको पाइयो र मिति २०८१ साल कार्तिक ०७ गते बालविवाहमुक्त वडा घोषणा समेत गरि सकेको अवस्था छ ।

## २.९ बालबालिका र एच.आई.भी एड्स

पूर्वीचौकी गाउँपालिका अन्तरगत वडा नं. १ खिरसैनमा स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार एच.आई.भी. एड्स भएका बालबालिकाहरु नरहेको पाइयो ।

# भाग : ३ बाल अधिकार र बालबालिकाको अवस्था

## ३.१ बाँच्ने पाउने अधिकार :

बाँच्न पाउनु प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भवती महिलालाई विशेष स्याहार, सुरक्षित जन्म, खोप तथा स्वास्थ्य स्याहार, पौष्टिक आहार (स्तनपान र पोषणयुक्त खाना), सफा पानी, स्वच्छ हावा, माया ममतापूर्ण पालनपोषण र हेरचाह तथा मौसम अनुसारको लुगाफाटा, ओढ्ने सुरक्षित बसाई र हुर्काई आदि बालबालिकाहरुको बाँच्न पाउने अधिका भित्र पर्दछ । बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ का प्रावधानहरुको विश्लेषण गर्दा आमाबावुबाट प्राप्त गर्ने हेरचाह (धारा ५), जीवन बाँच्ने र विकास (धारा ६), स्वास्थ्य हेरचाह र सेवा (धारा २४), बाँच्नका लागि जीवनयापनको मापदण्ड (धारा २७) लगायतका बाल बचाउ सँग सम्बन्धित प्रावधानहरु पर्दछन् । यस अन्तरगत स्वास्थ्य चौकीको प्रतिवेदन अनुसार वडामा भएका प्रगति विवरण देहाय बमोजिम रहेका छन् ।

- ✓ आ.व २०८०/०८१ मा यस वडामा नेपाल सरकारको नियमानुसार ४८ जना गर्भवती महिलाहरुले चेकजाँच गराई २३ जना महिलाहरुले स्वास्थ्य चौकीमा नै सुत्केरी गराएका थिए ।
- ✓ ४८ जना गर्भवती महिलाहरु मध्य ४६ जना महिलाहरुले टिटानसको खोप लगाएको देखिन्छ भने २ जना छुटेको देखिन्छ ।
- ✓ ४८ जना गर्भवती महिलाहरु मध्य ४६ जना महिलाहरुले २२५ वटा आईरन चक्की सेवन गरिएको पाइयो भने २ जना २२५ वटा सेवन नगरिएको पाइएको छ ।
- ✓ ३४ जना सूत्केरी महिलाहरु मध्य ३० जनाले ६ महिना सम्म आमाको दुध मात्र सेवन गरिएको पाइएको छ ।
- ✓ २२३ जना ५ वर्ष मुनिका बालबालिकाहरु सबैले भिटामिनि 'ए' क्याप्सुल खाएको देखिन्छ ।
- ✓ वडाको संख्या भन्दा बढी बालबालिकाहरुलाई खोप दिलाई पूर्ण खोप वडा घोषणा गरिएको छ ।
- ✓ कमतौल, ख्याउटेपन तथा कुपोषित भएका बालबालिकाहरुको संख्या शुन्य रहेको छ ।
- ✓ ५१३ घरपरिवारहरुमा शौचालयको व्यवस्था, आधारभुत खानेपानीको व्यवस्था, आयोडिन नुनको प्रयोग र सबै घरपरिवारमा हात धुने बानीको विकास भएको पाइन्छ ।

## ३.२ संरक्षणको अधिकार :

प्रत्येक बालबालिकाको धेरै कुराहरुबाट संरक्षण गर्नु पर्छ । बालबालिकाहरु शारीरिक, मानसिक रुपमा परिपक्क नभई सकेको हुँदा विभिन्न प्रकारका जोखिमहरु हुन सक्छन । बालबालिकाहरुलाई गर्भ देखि नै भेदभावबाट संरक्षण दुर्व्यवहार, पीडा, शोषण, परित्याग, हेला, अपमान, गाली, कुटपिट र यातनाबाट संरक्षण, यौन शोषण, श्रम शोषणबाट संरक्षण, हानिकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण, बेचविखन, ओसारपसारबाट संरक्षण, लागु पदार्थ नशालु पदार्थ बाट संरक्षण र बानूनी संरक्षणहरु बालबालिका संरक्षणका अधिकार हुन। संरक्षणको अधिकार भित्र यस वडामा भएका विवरणहरु देहाय बमोजिम रहेका छन् ।

- ✓ शत प्रतिशत बालबालिकाहरुको जन्म दर्ता भएको छ, भने बालश्रम तथा सडक बालबालिका पनि शुन्य भई वडालाई बालश्रममुक्त वडा घोषणा गरिएको छ ।
- ✓ बालविवाह मुक्त वडा घोषणा भई बालबालिका सम्बन्धी हुने विभिन्न घटनाहरुमा शत प्रतिशत कम भएको छ ।
- ✓ बाल संरक्षण सम्बन्धी संस्थागत विकास भई नियमित रुपमा काम कारवाही भई रहेको छ, भने जोखिमयुक्त छाउगोठ शुन्य अवस्था रहेको छ ।
- ✓ वडा तथा विद्यालयहरुले आचारसंहिता निर्माण गरि नियमित रुपमा कार्यान्वयन भईरहेको छ, जसले गर्दा विद्यार्थीहरुमा सजाय दिने प्रचलनमा शुन्य भएको छ ।

## ३.३ बाल विकासको अधिकार

बाल विकासको अधिकार भित्र बालबालिकाहरुले स्वच्छ र रमाईलो वातावरणमा असल शिक्षा आर्जन र औपचारिक/अनौपचारिक, खेल मनोरञ्जन र आराम, जीवनपयोगी सीप तथा कला, स्वास्थ्य उपचार तथा आफु संग सम्बन्धित क्षेत्रको सामान्य जानकारी, आमा वुवा दुवैको भरपुर माया ममतामा हुर्कन पाउने, उचित मार्गदर्शन र राम्रो पारिवारिक वातावरण प्राप्त गर्नु बालबालिकाको विकासको अधिकार हुन । बाल अधिकार सम्बन्धि महासन्धी १९८९ प्रावधानहरु विश्लेषण गर्दा नाम, राष्ट्रियता हेरचाह (धारा ७), आमावुवासंग बस्ने (धारा ९), परिवारसंग पुनर्मिलन (धारा १०), समाजिक सुरक्षा (धारा २६) शिक्षा (धारा २८), आराम खेल र संस्कृती (धारा ३१), अपाङ्गता भएका बालबालिकाहरुको विषेश हेरचाह (धारा २३) र शरणार्थी बालबालिकाको सुरक्षा र विषेश हेरचाह (धारा ३२) लगायत बालबिकास संग सम्बन्धित प्रावधानहरु पर्दछन । बाल विकासको अधिकार भित्र यस वडामा भएका विवरणहरु देहाय बमोजिम रहेका छन् ।

- ✓ शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिवेदन तथा विद्यालयको पत्र बमोजिम विद्यालयमा विद्यार्थी भर्नादर शत प्रतिशत टिकाउदर रहेको छ भने ५-१४ उमेर समुहका बालबालिकाहरुले आधारभुत शिक्षा प्राप्त गरेको पनि पाइन्छ ।
- ✓ यस वडामा भएका सबै विद्यालयहरुमा खानेपानी तथा शौचालयको सुविधा रहेको छ, भने आवश्यकता अनुसार कक्षाकोठा, फर्निचर, खेलमैदान, बालमैत्री खानेपानीका धारा र अपाङ्गमैत्री शौचालयको व्यवस्था पनि रहेको छ ।
- ✓ विद्यालयहरुमा बाल क्लब गठन भै नियमित बैठक बस्ने र अतिरिक्त क्रियाकलाप सञ्चालन भई रहेको अवस्था छ, भने फोहोर व्यवस्थापनको लागि कुहिने र नकुहिने खाल्डो तथा फलाम डस्विन निर्माण गरि व्यवस्थापन गरेको छ ।

## ३.४ बाल सहभागिताको अधिकार

बालबालिकासंग सरोकार राख्ने वा प्रभाव पार्ने सवै विषयहरुमा बालबालिकाहरुको विचार र भावनाको कदर बाल सहभागिताको अधिकार हो । यस अधिकार अन्तर्गत बालबालिकाहरुले आफ्नो विचार राख्न पाउनु र सो विचारको उचित कदर तथा मान्यता पाउनु, निर्णय प्रकृयामा भाग लिन पाउनु, विभिन्न सभा सम्मेलनमा, समाजको हित हुने सामाजिक कार्य तथा साँस्कृतिक गतिविधिमा भाग लिन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, सवै कुराको जानकारी तथा सूचना पाउने र अभिव्यक्त गर्ने, संघसस्था खोल्ने तथा सहभागि हुने बालबालिकाको विचार र भावनाको सम्मान गरिनु पर्दछ ।

१२ देखि १८ वर्षका बालबालिकाले बालबालिका सम्बन्धि योजना तथा निर्णय प्रकृयामा सहभागी हुन पाउनु बालबालिकाको बालविकासका अधिकारहरु हुन बालअधिकार सम्बन्धी १९८९ मा व्यवस्था भएका प्रावधानहरु मध्य बालबालिकाले आफुलाई असर गर्ने निर्णयमा सहभागि हुन पाउने विचार अभिव्यक्तिको स्वतन्त्रता र व्यक्त विचारको सम्मान (धारा १२), जानकारी प्राप्त गर्ने र त्यसमा आफ्नो धारणा राख्ने (धारा १३), विचार विवेक र धर्मको स्वतन्त्रता (धारा १४), संगठन सम्बन्धि स्वतन्त्रता (धारा १५) निजीपना र गोपनियताको हक (धारा १६), आम संचार सूचनामा पहुच (धारा १७) लयायतका प्रावधानहरु पर्दछन् । बाल सहभागिताको अधिकार भित्र यस वडामा भएका विवरणहरु देहाय बमोजिम रहेका छन्।

- ✓ विद्यालयस्तरीय बाल क्लब गठन भई वडा स्तरीय बाल सञ्जाल गठन भएको छ, भने नियमित बैठक बसि विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन भई रहेको छ । साथै २ वटा समुदायस्तरीय बाल क्लब गठन भई सञ्चालनमा रहेको छ ।

- ✓ ५ कक्षा भन्दा माथि अध्यापन हुने विद्यालयहरुमा विद्यार्थीहरुको सक्रिय सहभागीताको लागि विद्यालय व्यवस्थापन समितीमा आमान्त्रित सदस्यको रुपमा सहभागी गराई विद्यार्थीहरुको माग बमोजिम व्यवस्थापन गरिएको पाइएको छ ।
- ✓ वडामा रहेको स्वास्थ्य व्यवस्थापन समिती समेत आमन्त्रित सदस्यको रुपमा सहभागी गराएको छ ।
- ✓ वडामा विभिन्न समयमा बालभेला गराई बालबालिकाद्धारा माग गरे बमोजिम वडा तथा पालिकाबाट योजना सम्बोधन भएको छ ।
- ✓ बालबालिका सम्बन्धी विभिन्न वडा तथा पालिकास्तरीय समितिहरुमा बालबालिकाको सहभागीता सुनिश्चत गरिएको छ ।

## ३.५ संस्थागत विकास सम्बन्धी विवरण

- ✓ वडा कार्यालयमा स्तनपान कक्ष र बालमैत्री सिकाई स्रोत केन्द्र निर्माण गरि सञ्चालनमा रहेको छ ।
- ✓ वडा तथा पालिकाको योजना तर्जुमा गर्दा बालबालिकाहरुका योजना बारे बालभेला गराई सम्बोधन गरिएको छ ।
- ✓ विद्यालय तथा समुदायस्तरमा रहेका बाल विकास केन्द्र नियमित रुपमा अनुगमन गरि मापदण्ड बमोजिम स्तरोउन्नति गरिएको छ ।
- ✓ ६-१० सम्मका अध्यापन हुने विद्यालयहरुमा बालमैत्री, बातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको छ ।
- ✓ स्थानीय प्रहरी चौकीहरुमा बालमैत्री कक्ष तथा बालमैत्री सम्पर्क व्यक्ति तोकि बालबालिका सम्बन्धी दर्ता हुने मुद्धाहरुमा सहजीकरण गर्ने गरेको छ ।

## भाग : ४ बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था

### ४.१ वालवालिकाको लागि स्थानीय विकास योजना

पूर्वीचौकी गाउपालिकाले प्रत्येक वर्ष बार्षिक रुपमा स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ। गाउपालिकाका पदाधिकारी, महिला, दलित, आदिवासी, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका नागरिक लगायत सम्पूर्ण सरोकारवालाको संलग्नतामा स्थानीय विकास योजना तयार हुनुका साथै यसको कार्यान्वयनको अवस्था पनि राम्रो छ । योजनाहरु प्रत्येक वर्ष करिव ९० प्रतिशत भन्दा बढि कार्यान्वयन हुने गरेको छ । बालवालिकाको क्षेत्रमा गाउँपालिकाले आ.व. २०८०/८१ मा लगभग ५ प्रतिशत वजेट विनियोजन गरि वालबालिकाका मागहरु सम्वोधन गर्ने गरेको छ । वडा तह देखि गाउँपालिका तह सम्म वालवालिकाको अर्थपूर्ण सहभागिता हुने व्यवस्था गरि कार्यान्वयनमा ल्याएको छ ।

आ. व. २०८०/०८१ को गाउँसभाबाट पारित योजनामा वालवालिकासँग सम्वन्धि समावेश भएका योजनाहरु

- ☞ बालबालिका भविष्यका कर्णधार भन्ने नाराका साथ बाल क्लब गठन तथा परिचालन र निर्णायक तहमा अर्थपूर्ण बाल सहभागीता गराइने नीति लिइनेछ । जसका लागि बालमैत्री स्थानीय शासन तथा सिमान्तकृत बालबालिकाको लागि राहत कोष कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिनेछ ।
- ☞ सबै वडामा वडा स्तरीय बाल क्लब पुर्न गठन र बाल अधिकार समिति गठन तथा क्षमता विकास कार्यक्रम गराइनेछ ।
- ☞ आपतकालिन बाल कोषलाई निरन्तर रुपमा सुरचारु गरिनेछ ।
- ☞ एक वडा एक बालमैत्री बगैचा कार्यक्रम निर्माणमा पहल गरिनेछ ।
- ☞ अनिवार्य तथा नि:शुल्क आधारभुत शिक्षा प्रदायक गाउँपालिका घोषणा गर्नका लागि आवश्यक पूर्वधार तयार पार्न विद्यालय भर्ना नभएका विद्यालय उमेरका बालबालिका र बगैचा विद्यालय छाडेका बालबालिकाहरुलाई विद्यालयमा भित्र्याउने कार्यक्रम न्याइनेछ।
- ☞ लैङ्गिक हिसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार राहत तथा पुर्नस्थापनाका लागि यस पूर्वीचौकी गाउँपालिकामा लिङ्गिक हिसा निवारण कोष तथा आपतकालिन अवस्थामा परेका बालबालिकाहरुको उद्धारको लागि आपतकालिन बाल उद्धार तथा राहतकोष सञ्चालन तथा स्थापना गरिनेछ ।
- ☞ किशोरीहरुका लागि जनचेतनामुलुक, मानव बेचविखन र बालविवाह न्युनीकरणका कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

## ४.२ बालवालिकाको लगानी योजना

पूर्वीचौकी गाउपालिकाले आ.व. २०८०/८१ मा रु १ करोड २० लाखको लगानी योजना वनाई सो अनुरुप गाउ सभा र कार्यपालिकावाट वडा नं.१ खिरसैनका वालवालिकाको विकासका लागि वजेट विनियोजन गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गरीएको छ ।

## ४.३ योजनाको अनुगमन मूल्याङ्कन

पूर्वीचौकी गाउपालिका वडा नं. १ मा बालवालिका सम्वन्धि योजना र वडामा लागु गरिएको वालमैत्री स्थानीय शासनको प्रगतिको विषयमा समय समयमा पूर्वीचौकी गाउँपालिका र जिल्ला समन्वय समिति लगायतले अनुगमन गरि सुझाव दिने कार्य भई रहेको छ ।गाउपालिकाले अनुगमन सूची सहित विद्यालय, घरधुरी एवं बालक्लवको अनुगमन गरी कार्यक्रमको प्रभावकारिताको विषयमा समिक्षा गर्ने कार्य नियमित रुपमा गरिरहेको छ ।

## ४.४ साझेदार तथा सहयोगी संस्थाहरुको भूमिका

बालमैत्री स्थानीय शासनलाई प्रभावकारी बनाउनका लागि साझेदार तथा सहयोगी संस्थाहरुको भुमिका अत्यन्त महत्वपूर्ण हुन्छ । सम्वन्धित मुख्य साझेदार तथा सहयोगी संस्थाको नामावली र भुमिका यस प्रकार उल्लेख गरिएको छ :

| सरोकारवाला | सरोकारका सवालहरु |
|---|---|
| गाउँपालिकाको कार्यालय | • गाउपालिका बाल कल्याण समिति मार्फत बालबालिकाको संरक्षण, सम्बर्द्धन तथा बाल हितमा नीति निर्माण तथा कार्यान्वयन गर्ने ।<br>• राज्यद्धारा तयार नीति निर्माणलाई कार्यान्वयन पहल गर्ने ।<br>• अर्धन्यायिक सेवा दिने<br>• शान्ति सुरक्षा कायम गर्ने ।<br>• बालबालिकाको क्षेत्रमा बजेट छुट्याउने ।<br>• योजना तर्जुमा गर्ने ।<br>• बालबालिकाको तथ्याङ्क संकलन गर्ने ।<br>• राज्यले व्यवस्था गरे अनुसारको सामाजिक सुरक्षा भत्ता लगायत व्यवस्था गर्ने ।<br>• नगरपालिकामा बालमैत्री योजना निर्माण तथा कार्यान्वयन/ पहल गर्ने ।<br>• जिल्ला स्तरिय/ नगर नीति नियम बनाउने । |

| | |
|---|---|
| | • श्रोत साधनको बाँडफाँडमा नियमित अनुगमन गर्ने ।<br>• बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको नियमित रुपमा अनुगमन । |
| सामाजिक विकास तथा महिला तथा वालवालिका शाखा | • अपाङ्गता परिचय पत्र वितरण ।<br>• बालवालिकाको अभिभावकको सुनिश्चतता ।<br>• बाल कल्याण समितिको सचिवालयको समन्वय र सहकार्य गर्ने ।<br>• समन्वय र सहकार्य ।<br>• Focal Point |
| शिक्षा तथा खेलकुद विकास शाखा | • विभिन्न निकायसँगको समन्वयमा भर्ना अभियान ।<br>• छात्रवृत्ति प्रदान ।<br>• बिशेष कक्षा सञ्चालन।<br>• बाल सहभागिता प्रवर्द्धन ।<br>• विद्यार्थि शिक्षक अनुपात<br>• बालमैत्री विद्यालय सञ्चालन ।<br>• बालमैत्री बार्षिक शैक्षिक क्यालेण्डर<br>• विद्यालय व्यवस्थापन समितिमा बाल सहभागिताको सुनिश्चितता । |
| स्वास्थ्य शाखा | • बालबालिकाको लागि नियमित खोप ।<br>• प्राथमिक उपचारको साम्राग्री वितरण<br>• मातृ शिशु स्याहार तथा पौष्टिक आहार सम्वन्धी जनचेतनामुलक कार्यक्रम ।<br>• सुरक्षित खानेपानी तथा सरसफाई बारे जनचेतना ।<br>• बालबालिकाहरुको स्वास्थ्य परिक्षण तथ्याङ्क संकलन |
| बाल क्लब | • बाल क्लव गठन तथा परिचालन ।<br>• बालमैत्री योजना निर्माण ।<br>• समन्वय / सहकार्य<br>• अनुगमन र मूल्याङ्कन।<br>• सचेतना तथा अतिरिक्त कृयाकलाप । |
| पत्रकार महासंघ/ सञ्चार माध्यम | • बालवालिका सम्वन्धी सामाग्रीहरु प्रचार प्रसार।<br>• बाल पत्रकारीता ।<br>• बाल अधिकार उल्लघनहरुको संकलन तथा वितरण।<br>• बालबालिकाहरुका सवालहरुको उठान । |

| | |
|---|---|
| गैरसरकारी संघ संस्थाहरु | • विभिन्न कार्यक्रम/ परियोजनाहरु।<br>• शिक्षा सम्वन्धि, स्वास्थ्य पुन: स्थापना / संरक्षण/ उद्धार<br>• अन्य सरोकार संस्था /NGOs सँग सहकार्य तथा समन्वय गर्ने।<br>• बाल अधिकारका सम्वन्धमा सचेतना ।<br>• बालक्लवहरु बनाउने र सहयोग गर्ने ।<br>• नागरिक समाजसँग सहकार्यमा काम गर्ने ।<br>• क्षमता अभिवृद्धि सम्वन्धी कृयाकलापहरु ।<br>• विद्यालय भवन निर्माणमा सहयोग ।<br>• शनिवारे कक्षा सञ्चालन ।<br>• नियमित बाल अधिकार समिती बैठकमा सहयोग ।<br>• आसि बालबालिकाहरुलाई नियमित शैक्षिक सामाग्रीमा सहयोग ।<br>• असहाय बालबालिकाहरुलाई आर्थिक तथा भौतिक सहयोग।<br>• पालिकामा रहेको बालकोषलाई आर्थिह सहयोग हस्तान्तरण।<br>• विद्यालयहरुमा आवश्यक शैक्षिक सामाग्री, फर्निचर तथा शौचालय र खानेपानी निर्माणमा सहयोग । |

# भाग ५ बालवालिका सम्वन्धी भएका कार्यहरुको उपलब्धी

## ५.१ दिगो विकासका लक्ष्य र बालबालिका

विश्वका १९३ राष्ट्रहरुद्धारा सन् २०३० सम्म लागि तय गरिएका दिगो विकासका १७ वटा दिगो विकासका लक्ष्यहरु निर्धारण गरिएका छन् । मानिस, पृथ्वी, समृद्धि शान्ती, र सहभागिताका आधारमा तय गरिएका यी लक्ष्यहरुमा वालवालिकासँग सम्वन्धित लक्ष्यहरु देहाय अनुरुप रहेको छन् ।

क) **पहिलो लक्ष्य (गरीबीको अन्त्य)** : सवै क्षेत्रमा रहेका सबै प्रकारका गरिवीको अन्त्य गर्ने रहेको छ । सन् २०३० सम्ममा दैनिक १.५ डलर भन्दा कम आम्दानीमा बाँचेका मानिसको संख्यालाई शुन्य बनाउने उद्देश्य राखिएको छ । गरिवीको कारणले बालबालिकाको बाल बचाउ र बाल संरक्षणका सूचकहरुमा सिधा सम्वन्ध राख्ने हुँदा दिगो विकास लक्ष्य प्राप्तिको कार्य योजना सबै तहका सरकार र शासन पद्धतिमा आवश्यक हुनेछ ।

ख) **दोस्रो लक्ष्य (भोकमरीको अन्त्य)** : भोकमरीको अन्त्य गर्ने खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने रहेको छ । यसका उप-लक्ष्यहरुमा विशेष गरी शिशु लगायत गरिवी र जोखिम पूर्ण अवस्थामा रहेकाहरुलाई वर्ष भरि नै सुरक्षित पौष्टिक र प्रर्याप्त खाद्य पहुँच सुनिश्चित गर्ने, सन् २०३० सम्म सवै खाले कुपोषणको अन्त्य गर्ने, सन् २०२५ सम्ममा ५ वर्ष मुनिका बालबालिकाहरुमा तौल कम हुने र दुब्लो पातलो हुने जस्ता रोग सम्वन्धी अन्तराष्ट्रिय लक्ष्य हासिल गर्ने लगायत किशोरी, गर्भवती र सुत्केरी महिलाको पोषण सम्वन्धी आवश्यकता पुरा गर्ने रहेका छन् ।

ग) **तेस्रो लक्ष्य (स्वस्थ र समुन्नत समाज)** : सवै उमेर समुहका व्यक्तिका लागि स्वास्थ्य जीवन सुनिश्चित गर्दे समृद्ध जीवन प्रवर्द्धन गर्ने रहेको छ । जसका परिणात्मक विश्वव्यापी मातृ मृत्युदर हरेक हजारमा जीवित जन्ममा ७० भन्दा तल झार्ने, ५ वर्ष मुनिका रक्षा गर्न सकिने नवजात शिशु तथा बाल मृत्युदर अन्त्य गर्ने, सबै देशले प्रति हजार जीवित जन्ममा नवजात शिशु मृत्युलाई कम्तीमा १२ र ५ वर्ष भन्दा मुनिको बाल मृत्युदरलाई कम्तिमा २५ मा सीमित राख्ने लागाएतका लागु पदार्थ तथा मादक पदार्थको हानिकारक प्रयोगलाई रोकथाम गर्दै उपचारलाई सुदृढ गर्ने रहेका छन् ।

घ) **चौथो लक्ष्य (गुणस्तरीय शिक्षा) :** "सबैका लागि समावेशी तथा गुणस्तरिय शिक्षा सुनिश्चित गर्ने" जीवन प्रर्यतन सिकाईका अवसरहरु प्रवर्द्धन गर्ने रहेको छ । यसका परिणात्मक लक्ष्यहरुमा सबै बालबालिकाले निशुल्क, समतामुलक र गुणस्तरीय प्राथमिकता र माध्यमिक शिक्षा पुरा गरेको सुनिश्चित गर्ने । सन् २०३० सम्ममा प्राथमिक शिक्षा हासिल गर्न तत्पर होउन भन्नका लागि गुणस्तरिय बाल विकास स्याहार र पूर्व प्राथमिक शिक्षामा सबै बालबालिकाका पहुँच सुनिश्चित गर्ने रहेका छन् ।

ङ) **पाचौं लक्ष्य (लैङ्गिक समानता) :** त्यसै गरि सन् २०३० सम्ममा लैंङ्गिक असमानता उन्मुलन गर्ने र अपाङ्गता भएका व्यक्ति आदिवासी जनजाती र संकटासन्न वालवालिका लगायतका लागि सबै तहको शिक्षा र व्यवसायिक तालिमको समान पहुँच सुनिश्चत गर्ने जस्ता बालबिकासका सुचकहरु चौथो दिगो विकासका लक्ष्यले आत्मसात गरेको छ ।

च) **छैठौ लक्ष्य ( स्वच्छ पानी तथा सरसफाई) :** सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने रहेको छ जुन बाल संरक्षणमा महत्वपूर्ण सूचक हो।

पूर्वीचौकी गाउँपालिकाले पहिलो र दोस्रो लक्ष्यहरु सम्वोधन गर्न गरिवी निवारण लागि लघु उद्यम विकास कार्यक्रम र भोकमरी अन्त्य गर्न राहत वितरण कार्यक्रम सञ्चालनमा रहेको छ । गरिवी र भोकमरीको बहुआयामिक प्रभाव रहने हुनाले बालमैत्री स्थानीय शासन पद्धतिमा यसलाई सम्वोधन गर्नु पर्ने विषय आत्मसाथ गरिएको छ । तेस्रो लक्ष्य अन्तरगत सबै बालबालिकाहरुलाई स्वस्थ बनाउन खोप अनिवार्य गरिएको छ, नियमित स्वास्थ्य शीविर सञ्चालन गरिएको छ, नियमित रुपमा स्वास्थ्य चौकीबाट निशुल्क औषधी वितरण गरिएको छ भने समुन्नत समाज सिर्जना गर्न विभिन्न सामाजिक कार्यक्रम सञ्चालन गरिएको छ । त्यसैगरी चौथो लक्ष्य बालबिकाससँग सम्वन्धित रहेको छ । गाउँपालिकाले शिक्षा क्षेत्रका सूचकहरुको उपलब्धी एवं शिक्षा क्षेत्रमा बढदै गईरहेको गाउँपालिकाको लगानी सकारात्मक रहेको छ भने गुणस्तरीय शिक्षा प्रदान गर्न नियमित रुपमा अनुगमन गरि रहेको छ ।
पाँचौ लक्ष्य अन्तरगत पूर्वीचौकी गाउँपालिकाले लैङ्गिक समानता हासिल गर्न विभिन्न महिला, बालबालिका, दलित तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि सामाजिक क्रियाकलाप सञ्चालन गरिएको छ । छैठौं लक्ष्य अन्तरगत पालिकाभित्रका सम्पुर्ण पालिकाबासीलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न बास योजना निर्माण गर्ने प्रक्रियामा रहेको छ भने आधारभुत खानेपानीको व्यवस्था सबै घरपरिवारहरुमा गरेको छ ।

## ५.२ बाल शिक्षा

पूर्वीचौकी गाउँपालिका वडा नं. १ को शैक्षिक सत्र २०८०/०८१ को शैक्षिक अवस्थालाई संक्षिप्त रुपमा यसरी उल्लेख गरिएको छ :

| क्र.स | विद्यालयको नाम | विद्यार्थी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | |
| १ | श्री शाजेन्द्रश्वर माध्यामिक विद्यालय | २४४ | १६८ | ४१२ | |
| २ | श्री भगवती आधारभुत विद्यालय | १०३ | १२५ | २२८ | |
| ३ | श्री नृभुश्वरी आधारभुत विद्यालय | ५७ | ५३ | ११० | |
| ४ | श्री खापर आधारभुत विद्यालय | २८ | २९ | ५७ | |
| ५ | श्री शाजेन्द्रश्वर बोडिङ्ग स्कुल | ३४ | १४ | ४८ | |
| जम्मा | | ४६६ | ३८९ | ८५५ | |

(स्रोत : शिक्षा, युवा तथा खेलकुद शाख/IEMIS)

विद्यार्थी भर्ना दर वडा नं. १ मा सहजै देखिने भर्ना दर १०० प्रतिशत विद्यार्थी खुद भर्ना ९५ प्रतिशत रहेको छ भने विद्यार्थी भर्ना दर ९५ प्रतिशत रहेको छ ।

## ५.३ बाल स्वास्थ्य

पूर्वीचौकी गाउपालिका २०८१ साल जेष्ठ ०६ गते पूर्ण खोप गाउपालिका घोषणा भइसकेको छ । यस गाउपालिकामा पूर्ण खोपको निरतरताको लागि समय समयमा १ हजार दिनका आमाहरुलाई सचेतनामुलक कार्यक्रम नवजात शिशुको लागि भोटो वितरण कार्यक्रम लगायत सञ्चालन भइरहेको छ । अन्य देहायको बमोजिमको बाल अवस्था रहेको देखिन्छ ।

- ✓ आ.व २०८०/०८१ मा यस वडामा नेपाल सरकारको नियमानुसार ४८ जना गर्भवती महिलाहरुले चेकजाँच गराई २३ जना महिलाहरुले स्वास्थ्य चौकीमा नै सुत्केरी गराएका थिए ।
- ✓ ४८ जना गर्भवती महिलाहरु मध्य ४६ जना महिलाहरुले टिटानसको खोप लगाएको देखिन्छ भने २ जना छुटेको देखिन्छ ।
- ✓ ४८ जना गर्भवती महिलाहरु मध्य ४६ जना महिलाहरुले २२५ वटा आईरन चक्की सेवन गरिएको पाइयो भने २ जना २२५ वटा सेवन नगरिएको पाइएको छ ।
- ✓ ३४ जना सूत्केरी महिलाहरु मध्य ३० जनाले ६ महिना सम्म आमाको दुध मात्र सेवन गरिएको पाइएको छ ।

- ✓ २२३ जना ५ वर्ष मुनिका बालबालिकाहरु सबैले भिटामिनि 'ए' क्याप्सुल खाएको देखिन्छ ।
- ✓ वडाको संख्या भन्दा बढी बालबालिकाहरुलाई खोप दिलाई पूर्ण खोप वडा घोषणा गरिएको छ ।
- ✓ कमतौल, ख्याउटेपन तथा कुपोषित भएका बालबालिकाहरुको संख्या शुन्य रहेको छ ।
- ✓ ५१३ घरपरिवारहरुमा शौचालयको व्यवस्था, आधारभुत खानेपानीको व्यवस्था, आयोडिन नुनको प्रयोग र सबै घरपरिवारमा हात धुने बानीको विकास भएको पाइन्छ ।

## ५.४ खानेपानी तथा सरसफाई

पूर्वीचौकी गाउपालिकाका वडा नं. १ खुल्ला दिसामुक्त घोषणा भइसकेको छ भने सवै घरपरिवारहरुमा आधारभुत खानेपानीको पहुँच रहेको छ । घरधुरी सर्वेक्षण २०८१ अनुसार केही घरधुरीहरुमा आधारभुत खानेपानीको अभाव भन्ने देखिएको थियो तर पछि स्थलगत अनुगमन गर्दा सम्पूर्ण घरपरिवार ५१३ मा आधारभुत खानेपानीको व्यवस्था रहेको पाइन्छ । साथै ५१३ वटा घरपरिवारहरुमा शौचालयको व्यवस्था र खाना खानु अघि र बालबालिकाहरुको दिसा धोई सकेपछि हातधुने बानीको विकास भएको भएको पाइन्छ ।

## ५.५ बाल अपराध र बाल न्याय

विभिन्न निकायको प्रतिवेदन तथा पत्र बमोजिम यस वडाको चालु आर्थिक वर्षमा कुनै पनि बालबालिका सम्बन्धी घटना दर्ता नभएको देखिन्छ । ईलाका प्रहरी कार्यालय लडागडा, सानागाउ प्रहरी चौकी, न्यायिक समिती तथा वडा कार्यालयमा बालबालिका सम्बन्धी कुनै पनि घटना घटेमा न्याय दिने प्रणाली स्थापित छन् तर बालबालिका सम्बन्धी कुनै पनि घटना दर्ता नभएको देखिन्छ ।

## ५.६ बृहत विद्यालय शिक्षा :

यस वडामा बृहत विद्यालय शिक्षा अन्तरगत १ मावि, ३ वटा आवि र १ वटा निजि विद्यालय स्थापना भई शिक्षा प्रदान गरिएको अवस्था छ । सबै विद्यालयहरुमा छात्रवृत्ति, दिवा खाजाको व्यवस्था रहेको छ । बालबालिकाहरुको नियमित स्वास्थ्य चेकजाँच गर्ने व्यवस्था रहेको छ । सबै विद्यालयहरुमा बाल क्लब गठन भई बाल क्लबको आयोजनामा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन भई रहेको छ ।

**। समाप्त ।**